सरुमारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
वड्डाँडा, प्यूठान
५ नं. प्रदेश, नेपाल

अमरबहादुर वली
प्रमुख प्रशासकीय अधिकृत

## आव २०७६/०७७ को आन्तरिक आय ठेक्का वन्दोवस्त सम्बन्धी दरभाउपत्र आह्वान गरिएको सूचना !

सूचना नं. ७/०७५-७६

**प्रथम पटक प्रकाशित मिति :- २०७६/०३/१५ गते**

यस गाउँपालिकाको आगामी आ व २०७६/०७७ मा नियमानुसार आन्तरिक आय सिलबन्दी दरभाउ पत्रको माध्यमवाट बढावढ गराई उठाउनु पर्ने भएकोले इच्छुक फर्म, कम्पनी वा व्यक्तिवाट तोकिएको न्यूनतम अंकमा नघटने गरी दररेट सम्वन्धी प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएकोछ ।

तपिशल

| ठेक्का न | विवरण | न्युनतम ठेक्का मुल्य रु (मु अ कर वाहेक) | कैफियत |
|---|---|---|---|
| ७/०७५-७६ | कवाडी तथा जीवजन्तु कर | ५०,०००।(पचास हजार मात्र) | १ वर्ष |

शर्तहरु

१ इच्छुक प्रस्तावदाताले प्रचलित कानून वमोजिम दर्ता भएका वा इजाजत प्राप्त फर्म वा सस्थाले फर्म वा संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी, स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०७४/०७५ को कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी आ व २०७५/०७६ सम्मको फर्म नविकरण प्रमाणपत्र प्रतिलिपी र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रतिलिपि सहित प्रस्तावको ढाँचा सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समयसम्म रु. १,०००।– प्रस्ताव पत्र दस्तुर (फिर्ता नहुने गरी) तिरी यस कार्यालयको प्रशासन शाखावाट प्राप्त गर्न सकिनेछ, प्रस्ताव खरिद गर्ने अन्तिम मिति सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिनलाई १५ औं दिन मानिनेछ ।

२. १६ औं दिनको १२.०० वजेसम्म कार्यालयवाट खरिद गरिएको, कार्यालयले प्रमाणित गरेको सक्कल प्रस्तावमा आफुले उक्त कार्य कति रकममा गर्न सक्ने हो स्पष्ट खुलाई शिलवन्दी प्रस्ताव पेश गर्नुपर्नेछ ।

३ प्रस्तावदातले आफुले कवोल गरेको रकमको २.५ प्रतिशतले हुन आउने रकम यस कार्यालयो प्राईम कमर्शियल वैंक, वडडाँडा स्थित धरौटी खाता नं. ०६८०००१५ CA मा जम्मा गरेको

सक्कल भौचर सहित प्रस्ताव पेश गर्नुपर्नेछ । प्रस्ताव स्विकृत हुने प्रस्तावदाताले सम्झौता गर्न आउँदा थप २.५ प्रतिशत रकम कार्यसम्पादन जमानत वाफत जम्मा गर्नुपर्नेछ

४. खरिद गरिएको दरभाउ पत्रको फाराम सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १.०० वजे दरभाउ पत्रदाता वा निजले अख्तियार गरेको प्रतिनिधिको रोहवरमा (उपस्थित नभए पनि) यस कार्यालयमा खोलिनेछ र सो दिन सार्वजनिक विदा परेमा सो को भोलीपल्ट सोही समयमा खोलिनेछ ।

५. प्रस्तावमा प्रस्ताव गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ, अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

६. प्रस्तावहरु मध्ये सबैभन्दा बढी कवोल गर्ने प्रस्तावदाताको प्रस्तावलाई स्वीकृतिको प्रकृयामा लगिनेछ ।प्रस्ताव स्वीकृत भइ संझौता भए पश्चायत कुनै किसिमको थप छुट मिनाह वा माफि दिइने छैन ।

७ आ व २०७६/०७७ को लागी कर संकलन अवधि सम्झौतामा उल्लेख भएको मिति देखि २०७७ असार मसान्त सम्म हुनेछ ।

८ कुल कवोल अंक रकम संम्झौताका बखत बुझाउनु पर्नेछ ।नियमानुसार बुझाउनु पर्ने कर दस्तुर शुल्क ठेकेदार आफैले बुझाउनु पर्नेछ ।

९. रीत नपुगेको र म्याद नाघी आएको प्रस्ताव पत्र उपर कुनै कारवाही हुने छैन ।

१० करका दरहरु गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

११ यस सूचनामा उल्लेख नभएका विषयवस्तुहरु प्रचलित कानुन बमोजिम हुनेछ ।प्रस्ताव स्वीकृत गर्ने नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२. यस सूचना सम्वन्धी अन्य कुराहरु बुझ्न परेमा यस कार्यालयमा (मो.नं. ९८५७८३६०२२)सम्पर्क राख्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

अमरवहादुर वली
प्रमुख प्रशासकीय अधिकृत